सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

<u>मिति २०८३/०६/०५ गतेको सचिव बैठकका निर्णयहरू:</u>

१. चालु आर्थिक वर्षमा हालसम्म प्रदेश सरकारको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भइनसकेको सन्दर्भमा सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८३/०५/२७ को निर्णयानुसार प्रदेश सभामा पेश भएका आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम र संलग्न विधेयकहरू पुनरावलोकन सहित परिमार्जन गर्ने अधिकार आर्थिक मामिला मन्त्रालय प्रदान गरिए पश्चात सो सम्बन्धमा आर्थिक मामिला मन्त्रालय र अन्य विषयगत मन्त्रालय/निकायहरूबाट भएगरेका कार्य प्रगति एवं अवस्थाको बारेमा छलफल एवं समिक्षा गरियो।

२. सम्भावित मनसुनजन्य त्रिपत्तिबाट पर्न सक्ने प्रभावलाई न्यूनीकरण गरी खोज, उद्दार तथा राहत सम्बन्धी कार्यलाई छिटो छरितो र प्रभावकारी बनाउनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले संघीय निकायहरूसँग समेत आवश्यक समन्वय गरी मनसुनजन्य विपद् पूर्वतयारी सम्बन्धी कार्यलाई प्राथमिकताका साथ अघि बढाउने। सम्भावित वर्षाको कारणले भू-क्षय, बाढी, पहिरो लगायतबाट उच्च जोखिममा रहने सम्भावित स्थान र नदी क्षेत्र आसपासमा जोखिम न्यूनीकरण हुने गरी पूर्व तयारीका साथ उच्च सतर्कता अपनाउनका साथै अति आवश्यक नपरी आवतजावत नगर्नहुन सर्वसाधारणलाई अपिल गर्ने

३. मन्त्रालयहरुले सम्पादन गरेका कार्यहरुका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित रुपमा प्रतिवेदन गर्ने ।

४. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूलाई विशेष ध्यान दिई सबै मन्त्रालय/निकायहरूले आफ्नो र मातहतका निकायहरूमा शून्य बेरूजु कायम गर्ने गरी कार्य सम्पादन गर्ने गराउने। साथै, बेरूजु समपरीक्षण सम्बन्धी कार्यलाई समेत उच्च प्राथमिकता दिने।

५. प्रदेश मातहतका कुनै पनि मन्त्रालय वा निकायले कर्मचारीहरूलाई कार्यालयको अत्यावश्यक कामका लागि बाहेक काज नखटाउने तथा बिदा स्वीकृत नगर्ने। साथै पूर्व स्वीकृति नलिई कुनै पनि कर्मचारीहरूले आफ्नो कार्यक्षेत्र नछोड्न निर्देशन दिने।

६. प्रदेश मातहतका कतिपय निकाय/कार्यालयहरूको वेभसाइटहरूमा आवश्यक सूचनाहरू, ऐन-कानून र कर्मचारीहरूका विवरणहरु अद्यावधिक नभएको भनी गुनासो आउने गरेको हुँदा सबै मन्त्रालय/सचिवालय/आयोगहरूले आफ्नो र मातहतका निकायहरूका वेभसाइटहरू शीघ्र र नियमित रूपमा अद्यावधिक गर्ने गराउने व्यवस्था मिलाउने।

७. जेनजी आन्दोलनको क्रममा कार्यालयहरूमा भएको आगजनी तथा तोडफोडबाट क्षतिग्रस्त भई काम नलाग्ने अवस्थामा रहेका बिभिन्न भौतिक मालसामान लगायतका सामग्री मिनाहा तथा लिलाम गर्ने सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३।४।१९ को निर्णय समेतका आधारमा सबै मन्त्रालय/निकायले आवश्यक प्रक्रिया पूरा गरी यथाशीघ्र कार्य सम्पन्न गर्ने।

२०८३/६/५

उत्तर कुमार खत्री
प्रमुख सचिव